श्रीमान् प्रमुख चिन्तन तामाङ्गज्यू र उपप्रमुख शकुन्तला बस्नेतज्यूको समुपस्थितिमा

## धनकुटा नगर कार्यपालिकाको कार्यालयको

# कर्मचारी बैठक

मिति २०७७ साल असार ३१ गते
समय : दिनको २.०० बजे
स्थान : धनकुटा नगरपालिका हल

बैठक संचालन : प्रशासकीय अधिकृत डम्बर रोगु
अध्यक्षता ग्रहण : प्रमुख प्रशासकीय अधिकृत राम बहादुर थापा

**समुपस्थिति आसन ग्रहण :**
प्रमुख श्री चिन्तन तामाङ्ग
उपप्रमुख श्री शकुन्तला बस्नेत
अधिकृत कर्मचारीहरु
सहायक कर्मचारीहरु
**राष्ट्रिय गान :**
**स्वागत** : अधिकृत एवम् प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख श्री सीताराम गौतम
**परिचय कार्यक्रम :**
**कर्मचारीहरुको तर्फबाट सेवा प्रवाह एवम् सेवा व्यवस्थापनको सम्बन्धमा प्रतिनिधिमूलक प्रस्तुति**
१. अधिकृतस्तरका कर्मचारीहरुबाट :
क. शाखा अधिकृत श्री नगेन्द्रमणि श्रेष्ठ
ख. जनस्वास्थ्य निरीक्षक श्री भोजराज भण्डारी
२. वडासचिव र सहायकस्तरका कर्मचारीहरुबाट श्री कृष्णप्रसाद भण्डारी

**विशेष निर्देशन :**
उपप्रमुखबाट
प्रमुखज्यूबाट
निर्देशन एवम् धन्यवाद सहित बैठक समापन प्रमुख प्रशासकीय अधिकृतबाट
चियापान कार्यक्रम :

**कर्मचारी बैठकमा कर्मचारीहरुको तर्फबाट नगरपालिकाबाट सेवा प्रवाह र कर्मचारी जनशक्ति परिचालनका लागि राखिएका जिज्ञासा र सिर्जनात्मक सुझावहरु यस प्रकार रहेका छन् ।**

१. हरेक ६ महिनामा यस प्रकारको सामुहिक कर्मचारी बैठकको आयोजना हुनु राम्रो हुने ।
२. शाखा प्रमुख, विषयगत शाखा र वडा सचिवहरुको बैठक समय समयमा आयोजना गर्ने ।
३. पञ्जीकरण सम्बन्धि पुर्नताजगी तालिमको आयोजना गर्ने ।
४. नयाँ नियुक्ति वा समायोजन भएका कर्मचारीहरुलाई स्थानीय सरकार सञ्चालन र सेवा प्रवाह सम्बन्धी तालिम र अभिमुखिकरण चाहिने ।
५. कोरोना भाईरस रोकथाम तथा नियन्त्रणमा खटिने कर्मचारीहरुलाई थप सुविधको व्यवस्थापन गरिनु पर्ने ।
६. कोरोना भाईरस नियन्त्रणलाई प्रभावकारी गर्न सवै कर्मचारीहरुले गरेको सामुहिक प्रयास अत्यन्तै राम्रो भएकाले यसलाई निरन्तरता दिने ।
७. कर्मचारीलाई सिर्जनात्मक रुपमा परिचालन गर्नका लागि सेवा दिने ठाउँको उचित प्रबन्ध मिलाई आवश्यक प्रविधि एवम् फर्निचर सुविधा व्यवस्थापन गर्नु पर्ने ।
८. विभिन्न प्रकार एवम् सेवाबाट आएका कर्मचारीहरु सवैलाई जिम्मेवार बनाई काम लगाई सवै कर्मचारीले समान अभिभावकत्व प्राप्त गरी नगरपालिकाको कार्यमा एकाकार रहन प्रतिवद्ध बनाउने ।

**प्रमुख/उपप्रमुख/प्रशासकीय अधिकृतज्यूबाट कर्मचारीहरुले उठाएका विषयहरुमा ध्यानाकर्षण हुँदै निर्देशनात्मक सम्बोधनमा प्रस्तुत भएको विषयहरु :**

१. धनकुटा नगरपालिका कर्मचारी सेवा ऐन, २०७७ जारी भएको हुँदा कर्मचारीहरुको सेवा सुविधा तथा बृत्ति विकास अवसर सिर्जना भएको छ । आगामी दिनमा प्रचलित कानून, विधि र प्रकृयाले संभव भएसम्म कर्मचारीहरुको भविश्ष्य सुनिश्चिततताका लागि सरकार सदैव प्रयत्नरत रहने छ ।

२. तीनै तहको सरकारहरुको एक आपसमा समन्वय, सहकार्य र सह अस्थित्वमा सञ्चालन भएको सिद्धान्तलाई आत्मसात् गदै समायोजित एवम् लोक सेवा आयोगबाट सिफारिस भएका सवै कर्मचारीहरुलाई नगरपालिकाले हाजिर गराई कार्य जिम्मेवारी प्रदान गरिएको छ ।

३. कर्मचारीहरुको समस्या विभिन्न शाखा प्रमुखहरु मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष राखेर तहगत रुपमा समस्याहरुलाई समाधन गर्नु पर्छ । सोझै प्रमुख, उपप्रमुख समक्ष पेश हुनु प्रकृयागत नहुने भएकाले यसलाई ख्याल गरिनु पर्छ ।

४. सेवाग्राही प्रति गरिने व्यवहार अत्यन्तै विनयसिल हुनु पर्छ जसले गर्दा सरकारको काम प्रति नगरवासीको विस्वास प्राप्त भई कर्मचारी प्रति सम्मान प्राप्त हुन्छ ।

५. सरकारको काम प्रति कुनै कर्मचारीले सार्वजनिक स्थल वा सामाजिक सञ्जालमा कुनै प्रतिकृया वा लेख प्रकासित गर्नु कर्मचारीको आचारण विरुद्धको काम हुने भएकाले कार्यशैलीमा सुधार गर्नु पर्ने कुरा भएमा आफु माथिको अधिकृत समक्ष जानकारी पेश गर्नु उपयुक्त हुनेछ ।

६. कर्मचारी र जनप्रतिनिहरुबीचको सहकार्यबाट मात्र सरकारको नियमित कार्य सञ्चालन गर्न सहज हुने भएकाले आज सम्म कर्मचारीहरुले खेलेको भूमिका प्रति आभार प्रकट गर्दै आगामी दिन थप प्रभाकारी हुने अपेक्षा रहेको छ ।

७. हाल सम्म कर्मचारीहरुले गरेको काम राम्रो भएकाले प्रतिफल समेत राम्रो प्राप्त भएको छ ।
८. कसैले सेवाग्राहीको काम प्रति ढिलासुस्ती आलटाल गर्नु दण्डनीय हुने भएकाले सम्पादन गर्न नसकिने कामको विषयमा सेवाग्राहीलाई समयमै सभ्य भाषामा स्पष्ट जानकारी दिनु पर्दछ ।

९. नागरिकलाई सेवा प्रवाह गर्नका लागि सार्वजनिक निकायको आवश्यक भएकै कारणले संघसंस्था वा विभिन्न निकायहरुको संस्थागत व्यवस्था भएको हुन्छ जसको मुल स्वरुप भनेकै सरकार हो त्यसैले कर्मचारीहरुले सेवा प्रवाह हाम्रो मुख्य ध्येय हो भन्ने कुरालाई भुल्नु हुँदैन ।

१० कर्मचारीहरुले थप सेवा सुविधाको माग गर्दा हामीले सेवा दिने नागरिकको जीवनस्तरलाई ख्याल गर्नु पर्छ हामीले लिने थप सुविधा प्रति नागरिकको सन्तुष्टी प्राप्त भएको हुनु पर्दछ ।

११. कर्मचारीमा पदसोपनलाई अंगिकार गरेर मात्र कर्मचारी प्रशासन सञ्चालनमा प्रभावकारीता आउँछ र आफुले सम्मान प्राप्त गर्नको लागि आफुले पहिले सम्मान दिन सक्नु पर्दछ र सहायक कर्मचारीहरुलाई समेत उत्तिकै कार्य क्षेत्रमा समन्वय गरिनु पर्दछ ।

१२. कर्मचारीहरुलाई काम लगाउँदा कामको विषय क्षेत्र र आवश्यकत्ताको आधारमा कसैलाई नियमित निर्देशन र निरन्तर सुझाव तथा भेटघाट हुने भएकाले यसैलाई नजिक टाढा मानिनु हुँदैन र कर्मचारीले समेत व्यवस्थापकलाई समय समयमा सल्लाह सुझावको लागि सामिप्यतामा रहनु राम्रो हुन्छ ।

१३. कर्मचारीहरुले आफुले पाउने सेवा सुविधा, आचारणको विषयमा  सम्बन्धित ऐन, कानून अध्ययन गरी सोही अनुसारको व्यवहारलाई परिष्कृत गर्दै लैजानु पर्दछ ।

१४. कर्मचारी स्थायी सरकार भएको कारणले कर्मचारीले नागरिकको सेवा गर्दा कार्य प्रणालीको विषयमा जनप्रतिनिधिहरु र सेवाग्राहीहरुलाई दिगो र प्रकृयागत सम्पादन हुने प्रकारको सल्लाह र सुझाव दिनु पर्दछ जसले सरकारको कार्य सम्पादन स्तरमा निखारता ल्याउन मद्धत पुग्दछ ।

१५. स्थानीय तहमा सवै सेवा र प्रकृयागत प्रणालीबीचको समन्वय र सहकार्यमा सम्पादन हुने गरी कर्मचारी समायोजन गरिएको हुँदा सर्वेले एक आपसमा भएको ज्ञान, सीप र अनुभवहरुलाई एकीकृत गर्दै आपसी सदभाव, विस्वास र सम्मानजनक रुपमा सेवा व्यवस्थापन गर्दै सरकारको कार्य सफलतामा सदैव कर्मचारीको ध्यान केन्द्रीत गर्दै जनमुखी सेवा प्रवाह गर्न प्रयत्न गरिनु पर्दछ

१६. कर्मचारीहरुलाई सेवा प्रवाहसँग सम्बन्धित विषयमा अभिमुखिकरण, आवश्यक सीप तथा क्षमता विकासका लागि तालिमहरु सञ्चालन हुनेछन् । त्यसै गरी समय समयमा विषयक्षेत्रगत रुपमा नियमति बैठकको आयोजना गरिनेछ । नगरपालिकाको स्रोत र क्षमताको बिश्लेषण गर्दै आवश्यक पूर्वाधार र प्रविधिको सेवा व्यवस्थापन गरिनेछ ।